कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७७/०५/३० को निर्णय (सचिवस्तर) बाट स्वीकृत।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाडौं

# बजारमुखी धान प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

## १. कार्यक्रमको परिचय

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम तर्फ सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेशबाट संचालन हुने सयुक्त अमेरिकी सहयोग नियोग मार्फत् संचालित किसान २ परियोजना सँगको सहकार्यमा बजारमुखी धान प्रवर्द्धन कार्यक्रम कार्यान्वियनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

**(१) उद्देश्यः**

यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) किसान २ परियाजनाले कार्यान्वयनमा ल्याएको धान मिल मोडेललाई प्रवर्द्धन गर्ने गरी धान प्रवर्द्धनका क्रियाकलाप संचालन गर्ने।

(ख) मसिना धानको उत्पादन र उत्पादकत्व बृद्धि गरी आयात प्रतिस्थापनमा सहयोग पुर्याउने ।

**(२) लक्षित समूहः**

किसान २ परियोजनासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दै आएका निजी क्षेत्रका साझेदार धान मिल सञ्चालक, सहकारी संस्था तथा अन्य व्यवसायी, किसान, किसान समूह, उपभोक्ता समिति, बजारीकरणसँग सम्वन्धित उद्यमी, व्यवसायी तथा कम्पनी।

**(३) कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः**

किसान २ परियोजनाले धान मिल मोडल कार्यक्रम कार्यन्वयनमा गर्दै गरेका प्रदेश नं. ५ का कपिलवस्तु, दाङ्ग, बाँके र बर्दिया जिल्ला तथा सुदुर-पश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लाका अनुसूची १ बमोजिमका स्थानीय तहहरु।

**(४) अपेक्षित उपलब्धिः**

यस कार्यक्रम सञ्चालनबाट देहाय बमोजिमको प्रतिफल हासिल हुनेछः-

(क) कार्यक्रम संचालन भएको तीन वर्षमा मसिना धानको उत्पादकत्व ५ मे. टन प्रति हेक्टर पुग्नेछ ।
(ख) किसानतहमा उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण हुनेछ ।
(घ) धान मिल सञ्चालक तथा किसानले धानमा गरेको लगानीबाट प्राप्त गर्ने प्रतिफल बृद्धि हुनेछ ।



डा.हरि बहादुर के.सी.
सह-सचिव

(ङ) उत्पादक तथा धान मिल सञ्चालक विच सहसम्बन्ध विकास तथा धान मिल सञ्चालक को क्षमता अभिबृद्धि हुनेछ ।

## २. नेपाल सरकार/प्रदेश सरकार र किसान २ परियोजनाबाट संचालन हुने यस कार्यक्रममा सहकार्यको स्वरुप देहाय बमोजिमको हुनेछ ।

(१) नेपाल सरकार/प्रदेश सरकार र अन्तरगतका निकायहरुबाट संचालन हुने क्रियाकलापहरु मूलत: उत्पादन वृद्धिसँग सम्बन्धित हुनेछन् भने किसान २ परियोजनाबाट उत्पादन र बजार व्यवस्थापन सहयोग सम्बन्धी क्रियाकलापहरु संचालन हुनेछन् ।

(२) धानको उत्पादकत्व वृद्धिका लागि आवश्यक नविन तथा अनुकरण योग्य प्रविधिको संकलन गरी किसान २ परियोजनाले नेपाल सरकार/प्रदेश सरकारलाई उपलब्ध गराउनेछ भने उक्त प्रविधिहरुको बृहत् प्रदर्शन कार्यक्रम संचालनको जिम्मेबारी नेपाल सरकार/प्रदेश सरकार र अन्तरगतका निकायहरुको हुनेछ ।

(३) किसान २ परियोजनाले संचालन गर्ने सम्पूर्ण क्रियाकलापहरु नेपाल सरकार/प्रदेश सरकार र अन्तगतका निकायहरुसँग समन्वय गरी संचालन गर्नुपर्नेछ भने नेपाल सरकार/प्रदेश सरकार र अन्तरगतका निकायहरुबाट संचालन हुने क्रियाकलापहरु समेत सम्भव भए सम्म किसान २ परियोजनासंग समन्वय गरी संचालन गरिनेछ ।

(४) कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहमा उत्पादित धानको पोष्टहार्भेष्ट तथा बजार ब्यवस्थापन पक्षमा किसान २ परियोजनाले सहयोग गर्नेछ ।

(५) कार्यक्रम संचालनका लागि नेपाल सरकार/प्रदेश सरकार र किसान २ परियोजनामा उपलब्ध भएको कार्यक्रम बजेट अनुसारको प्रगति विवरण दुबै निकायहरुले अनिवार्य रुपमा यस संचालन प्रक्रियामा उल्लेख भए बमोजिम सम्बन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

(६) यस कार्यक्रम संचालनका दौरान आवश्यक हुने प्राविधिक सेवाको प्रवाह दुवै निकायहरुले आवश्यकता अनुसार समन्वय गरी उपलब्ध गराउनेछन् ।

## ३. कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु तथा आधारभूत पक्षहरु

यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम सञ्चालन हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछः-

### (१) किसान २ परियोजनाबाट संचालन हुने क्रियाकलापहरु तथा आधारभूत पक्षहरु

यस कार्यक्रम कार्यान्वयनको साझेदारको रुपमा रहेको किसान २ परियोजनाबाट संचालन हुने क्रियाकलापहरु तथा तीनका आधारभूत पक्षहरु देहाय अनुसार हुनेछः



डा. हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**(क) धान उत्पादन क्षेत्र छनौट तथा ब्लक निर्माण:** कार्यक्रम लागू हुने **अनुसुची १** बमोजिमका स्थानीय तहका सिंचित क्षेत्रलाई धान उत्पादन क्षेत्रको रुपमा छनौट गरिनेछ । उत्पादन क्षेत्र भित्र उत्पादन देखि भण्डारण सम्मका कार्यहरुमा कृषि यन्त्रहरुको प्रयोग समेत गर्न सकिने गरी ब्लक निर्माण गरिनेछ । यसरी निर्धारण गरिएका ब्लकहरुमा बर्षे धान र उपयुक्तताको आधारमा चैते धान प्रवर्द्धनका क्रियाकलापहरु संचालन गरिनेछ ।

**(ख) कार्यक्रम कार्यान्वयनका लागि कृषक पहिचान तथा छनौट:** निर्धारण भएको उत्पादन क्षेत्रमा धान मिलको समन्वय तथा सहकार्यमा मसिना धानको निश्चित जात ब्लकमा खेती गरी धान मिललाई बिक्रि गर्न इच्छुक किसानहरुको पहिचान तथा छनौट गरिनेछ ।

(ग) **प्रविधि प्रसार तथा कृषि सामग्री व्यवस्थापन:** कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा मसिना प्रकृतिका धानको बृहत् प्रसार तथा धान खेतीका लागि आवश्यक कृषि सामग्री (मल, बीउ, कृषि ऋण, विषादि आदि) तथा औजार उपकरणहरु अनुदानग्राही धान चामल मिल तथा सहकारी संस्थाहरु मार्फत् परिचालित कृषि प्राविधिक तथा विभिन्न सम्बन्धित सरकारी निकायहरुसँग समन्वय गरी उपलब्ध गराइनेछ । कमाण्ड क्षेत्रमा कृषि प्रसारका लागि ती कृषि प्राविधिकहरूलाई मुख्य रुपमा जिम्मेवार बनाइनेछ ।यसका लागि प्राविधिक सहयोग परियोजनाको जिल्ला, क्लष्टर तथा क्षेत्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुबाट हुनेछ ।

(घ) **हरियो मल प्रदर्शन र मिश्रित रासायनिक मल (१९:१९:१९)प्रदर्शन:** यस क्रियाकलाप अनुदानग्राही मार्फत परिचालित कृषि प्राविधिक, किसान २ परियोजनाका फिल्ड स्टाफ, मिल सञ्चालक वा सहकारी संस्था र किसान समूहको संयुक्त छलफलबाट तय गरिएका कृषक तथा स्थानहरुमा संचालन गरिनेछ । हरियो मल प्रदर्शनका लागि न्यूनतम क्षेत्रफल १५ कठ्ठा र मिश्रीत रासायनिक मल प्रदर्शनका लागि न्यूतम क्षेत्रफल ५ कठ्ठा हुने गरी यो क्रियाकलाप संचालन गरिनेछ ।

(ङ) **कृषि यन्त्रहरुको संरचनात्मक परिमार्जन (Structural Modification) तथा प्रदर्शन:** धान खेतीमा यान्त्रिकीकरण प्रवर्द्धनमा क्रियासिल रहेका संघसंस्थाहरुसँग समन्वय गरी धान खेतीका लागि प्रयोग हुने विभिन्न कृषि औजार उपकरण तथा मेशिनरीहरुलाई स्थानीय आवश्यकता तथा भुगोल सुहाँउदो बनाउने तथा सो को प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।

(च) **कृषि यन्त्रहरुको मर्मत सम्भार तालिम:** किसान २ परियोजनाका फिल्ड स्टाफ र प्रदेश सरकार अन्तर्गत जिल्लास्थित कृषि हेर्ने कार्यालयका पदाधिकारीहरूको समन्वयमा कृषि कार्यमा प्रयोग हुने यन्त्र उपकरणको प्रयोग, तीनको मर्मत सम्भार र सञ्चालनका बिभिन्न पक्षलाई समेट्ने गरी बिभिन्न जिल्लामा तालिम कार्यक्रम संचालन गरिनेछ ।



डा.हरि बहादुर के.सी.
सह-सचिव

(छ) **धान खेतीसँग सम्बन्धित आधुनिक प्रविधिहरु सम्बन्धमा प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धिः** किसान २ परियोजनाले तालिम, छलफल तथा गोष्ठी जस्ता माध्यमबाट नियमित रुपले गर्नेछ ।

(ज) **बाली बीमा प्रवर्द्धनः** कृषकहरुलाई बाली बीमाबारे जानकारी दिन तथा बाली बीमा प्रति आकर्षित गर्न मोबाइल एस एम एस लगायत प्रचारप्रसारका क्रियाकलापहरु संचालन गरिनेछ ।

**(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (प्रदेश नं. ५ र सुदुर पश्चिम प्रदेश) अन्तरगतका जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र) बाट संचालन हुने क्रियाकलापहरु तथा तथा आधारभूत पक्षहरु**

यस अन्तर्गत संचालन हुने क्रियाकलापहरु तथा तीनका आधारभूत पक्षहरु देहाय अनुसार हुनेछः

(क) **प्रविधि परिक्षण तथा प्रसार :** यस अन्तर्गत सहभागीतात्मक उत्पादन प्रविधि तथा जातिय प्रदर्शनसँग सम्बन्धित क्रियाकलापका साथै छरुवा खेती प्रविधि (धान)/रासायनिक मलको समुचित प्रयोग/Alternate Wetting and Drying (AWD)/Site Specific Nutrient management/माटो सुधार तथा सुक्ष्म तत्व व्यवस्थापन/सघन धान खेती प्रविधी (SRI)/जलवायु अनुकुलित धानको खेती /रोग कीराको जैविक विधिद्वारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी एकीकृत रोग तथा कीरा व्यवस्थापन (IDPM) पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधिको प्रदर्शन तथा स्थलगत तालिम संचालन गरिनेछ । प्रदर्शन कार्यक्रम संचालनका लागि क्षेत्रफल कम्तिमा २ कठ्ठा हुनु पर्नेछ।

(ख) **साना मेशिनरी औजार उपकरण वितरणः** लक्षित समूहलाई सहलागनीका आधारमा सिड ड्रिल, विडर, फर्टिलाइजर स्प्रेडर, सिंचाइका लागि विभिन्न किसिमका पम्प,रिपर, थ्रेसर, विनोअर जस्ता साना मेशिनरी औजार उपलब्ध गराईनेछ । कष्टम हायरिङ्ग सेन्टर संचालन गरिरहेका तर केही थप मेशिनरीहरु आवश्यक महुसुस गरेका कष्टम हायरिङ्ग सेन्टर संचालकलाई समेत साना मेशनरी उपलब्ध गराईनेछ ।

(ग) **बीज बृद्धि कार्यक्रम संचालनः** धान उत्पादन क्षेत्र छनौट तथा ब्लकमा मसिनो प्रकृतिका धानको बिज बृद्धि कार्यक्रम क्लष्टरमा संचालन गरिनेछ ।

(घ) **कष्टम हायरिङ्ग सेन्टरको स्थापनाः** लक्षित समूहलाई सहलागनीका आधारमा कष्टम हायरिङ्ग स्थापना कार्यक्रममा सहयोग गरिनेछ । कष्टम हायरिङ्गका लागि उपलब्ध हुने मेशिनरीहरु सम्भव भए सम्म **अनुसूची** २ मां उल्लेख भए अनुसार हुनुपर्नेछ ।

(ङ) **मुभेवल ड्रायर प्रदर्शनः** कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा क्लस्टरमा लक्षित समूहको सहलागनी सुनिश्चित गर्दै उत्पादनोपरान्त क्षति न्यूनिकरणका लागि मुभेवल ड्रायर प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।



डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**(च) सामुदायिक स्क्रिन घर निर्माण:** चैते सिजनको धान खेती लागि समुदाय स्तरमा गुणस्तरीय बेर्ना उपलब्ध गराउन सामुदायिक स्क्रिन घर निर्माणका लागि सहयाग गरिनेछ ।

**(३) बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट संचालन हुने क्रियाकलापहरु:** बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट अनुगमन, मूल्याङ्कन, रिपोर्टिङ्ग र समीक्षासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन हुनेछन्।

## ४. कार्यक्रम सञ्चालन विधि

(१) किसान २ परियोजनाबाट छनौट भएका अनुदानग्राही धान मिल सञ्चालक वा सहकारी संस्था, अनुदानग्राहीसँग जोडिएका किसान र किसान २ परियोजनाका फिल्ड स्टाफ तथा स्थानीय जनप्रतिनिधिको छलफलबाट **अनुसुची १** बमोजिमका **स्थानीय तह भित्रका सिचाई सुविधा उपलब्ध क्षेत्र कार्यक्रममा दोहोरो नपर्ने गरी छनौट गरिनेछ ।**

(२) कमाण्ड क्षेत्र भित्र उत्पादन देखि भण्डारण सम्मका कार्यहरुमा कृषि यन्त्रहरुको प्रयोग समेत गर्न सकिने गरी ब्लक निर्माण गरिनेछ ।ब्लकमा उत्पादन सामाग्रीको उपलब्धता सुनिश्चतता गर्नुको साथै लिजमा जग्गा लिन र दिन तथा सुलभ कृषि ऋणका लागि सहजीकरण गरिनेछ ।

(३) किसान २ परियोजनाबाट संचालन हुने क्रियाकलापको संचालन विधि परियोजनाले तोके बमोजिम हुनेछ ।तर यस्ता क्रियाकलाप संचालन गर्दा अनिवार्य रुपमा जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहसँगको समन्वयमा गर्नुपर्नेछ ।

(४) जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र) बाट संचालन हुने प्रविधि परिक्षण तथा प्रसार र बीजवृद्धि कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरु किसान २ परियोजनाका अनुदानग्राही धान मिल तथा सहकारीमा कार्यरत कृषि प्राविधिकहरूले प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र) र किसान २ परियोजनाका फिल्ड स्टाफको समन्वयमा संचालन गर्नुपर्नेछ।

(५) साना मेशिनरी औजार उपकरण वितरण, कष्टम हायरिङ्ग सेन्टरको स्थापना, स्क्रिन घर निर्माण तथा मुभेवल ड्रायर प्रदर्शन कार्यक्रम प्रतिस्पर्धात्मक तथा मागमा आधारित हुनेछ र जिल्ला स्थित कृषि हेर्ने कार्यालयले सार्वजनिक सूचना मार्फत् माग आह्वान गर्नेछ । प्रस्तावको ढाँचा, मेशिनरी तथा तिनको स्पेशिफिकेसन, मूल्याङ्कनका आधारहरु तथा लाभग्राही छनौट बुँदा न ५(३) मा व्यवस्था भएको समितिबाट तोके बमोझिम हुनेछ।

## ५. अनुदानको सिमा तथा प्रवाह

(१) किसान २ परियोजनाबाट संचालन हुने क्रियाकलापमा अनुदानको सिमा तथा प्रवाह परियोजनाले तोके बमोजिम हुनेछ।



डा. हरि बहादुर के.सी.
सह-सचिव

(२) जिल्लास्थित कृषि हेर्ने कार्यालयबाट संचालन हुने क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदान सिमा) देहाय बमोजिम हुनेछ ।

| क.स. | क्रियाकलापको विवरण | अनुदानको सिमा |
|---|---|---|
| १. | प्रविधि परिक्षण, प्रदर्शन तथा प्रसार | स्थानीय दररेटलाई आधार मानी तयार गरेको स्वीकृत लागतको १००% |
| २. | साना मेशिनरी औजार उपकरण वितरण | अधिकतम ५०% |
| ३. | बीज बृद्धि कार्यक्रम संचालन | श्रोत बीउ तथा प्रशोधन यन्त्र तथा उपकरण, थ्रेसिङ्ग फ्लोर, हर्मेटिक व्यागमा अधिकतम ५०% |
| ४. | कष्टम हायरिङ्ग सेन्टरको स्थापना | अधिकतम ५०% |
| ५. | मुभेवल ड्रायर प्रदर्शन | अधिकतम ५०% |
| ६ | सामुदायिक स्क्रिन घर निर्माण | अधिकतम ५० % |

(३) जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र) ले प्रतिस्पर्धात्मक तथा मागमा आधारित क्रियाकलापको हकमा छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(४) बुँदा (३) बमोजिम हुने सम्झौता अनुसार जिल्लास्थित कृषि हेर्ने कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भूक्तानी गर्नेछ।

## ६. समिति सम्बन्धी व्यवस्था

(१) **केन्द्रीय कार्यक्रम कार्यान्वयन सहजीकरण समितिः** कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि केन्द्रीय स्तरमा देहाय अनुसारका पदाधिकारीहरु रहने गरी केन्द्रिय अनुगमन समिति गठन गरिनेछ ।

(क) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र — संयोजक

(ख) प्रमुख, अनुगमन तथा मुल्याङ्कन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य

(ग) प्रमुख, प्रविधि तथा पुर्वाधार विकास शाखा (प्रविधि विस्तार तर्फ), प्रधानमन्त्री कृषि आधुनिकीकरण — सदस्य



डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

परियोजना, परियोजना व्यवस्थापन इकाई

(घ) प्रमुख, योजना, कार्यक्रम तथा अनुगमन शाखा, कृषि विभाग — सदस्य

(ङ) प्रमुख, बाली विकास शाखा, कृषि विभाग — सदस्य

(च) प्रतिनिधि, नेपाल धान, तेलहन तथा दलहन उद्यमी संघ (ANROPI) — सदस्य

(छ) प्रतिनिधि, सिमिट/एनसाफ/सिसा परियोजना — सदस्य

(ज) प्रतिनिधि, किसान परियोजना (२ जना) — सदस्य

(झ) बरिष्ठ बाली विकास अधिकृत, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र — सदस्य सचिव

(आवश्यकता अनुसार बढीमा ३ जना आमन्त्रित सदस्य राख्न सकिने)

(२) **केन्द्रीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) प्रदेश स्तरमा गठन भएका प्राविधिक समितिसँग समन्वय गर्ने,

(ख) सञ्चालित कार्यक्रमको प्रगति विवरण अध्ययन गर्ने र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने तथा सल्लाह सुझाव दिने,

(ग) सञ्चालित कार्यक्रमको आवश्यकता अनुसार अनुगमन निरीक्षण गरी सुधारका लागि राय सुझाव उपलब्ध गराउने,

(घ) कार्यक्रम संचालनका क्रममा देखा परेका समस्या समाधानका लागि पहल गर्ने ।

(३) **प्रदेश स्तर प्राविधिक समिति :** प्रदेश स्तरबाट कार्यक्रमको अनुगमन निरीक्षण तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न हरेक प्रदेशस्तरमा एक प्राविधिक समिति गठन गरिनेछ । यस्तो समितिमा कृषि विकास निर्देशनालय, प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश समन्वय इकाईको कार्य गर्ने परियोजना कार्यन्वयन इकाई, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मनोनयन गरेका कार्यक्रममा संलग्न धान मिल संचालक तथा कृषि सहकारीको अध्यक्ष तथा किसान २ परियोजनाको क्लष्टर विजनेस म्यानेजरको सहभागिता सुनिरश्चित भएको हुनुपर्नेछ ।

(४) **प्रदेश स्तर प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) कार्यक्रम कार्यान्वयनमा अवस्थाका बारेमा जानकारी लिने र छलफल गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन सुपरिवेक्षण गर्ने र आवश्यक राय सुझाव दिने,

(ग) कार्यक्रम कार्यान्वयनका दौरान देखा परेका समस्या समाधानका लागि सुझाव उपलब्ध गराउने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह लगायतका बिभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने,



डा. हरि बहादुर के.सी.
सह-सचिव

(ङ) फिल्डस्तरमा कार्यक्रम संचालन गर्दा आइपरेका समस्या समाधानको लागि पहल गर्ने ।

**(५) जिल्ला स्तर कार्यक्रम कार्यान्वयन समितिः** कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुको कार्यान्वयन, अनुदानग्राही छनौट तथा मुल्याङ्कन गर्ने प्रयोजनको लागि प्रदेश सरकारको जिल्लास्थित कृषि कार्यलयको प्रमुखको संयोजकत्वमा एक कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ । यस्तो समितिमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना/परियोजना कार्यन्वयन इकाई, किसान २ परियोजनाको Agriculture Productivity and Marketing manager (APMM), सिमिट/Nepal Seed and Fertilizer Project (NSAF)/Cereal Systems Initiative in South Asia (CSISA) को प्रतिनिधिको सहभागिता सुनिश्चित भएको हुनुपर्नेछ ।

**(६) जिल्ला स्तरका कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) उत्पादन व्लकमा सम्मिलित कृषकहरुको आधारभूत विवरण संकलन र अद्यावधिक गर्ने,

(ख) उत्पादन व्लक निर्माणमा कृषकहरुलाई प्रेरित तथा आवश्यक सहजीकरण गर्ने,

(ग) व्लकहरुमा धान बाली प्रणालीको उत्पादन योजना बनाइ कार्यान्वयन गर्न कृषकहरुलाई प्रेरित गर्ने,

(घ) ब्लक भित्र आवश्यक बीउ विजन, मलखाद लगायतका उत्पादन सामग्रीहरुको परिमाण एकिन गरि स्थानीय तहसँग सहकार्य गरी तिनको आपूर्तीको व्यवस्था मिलाउने,

(ङ) लिजमा जग्गा लिन र दिन सहजीकरण गर्ने,

(च) कृषि ऋण आवश्यक परेका सदस्यहरुको माग सङ्कलन गरी स्थानीय बैंक तथा वित्तीय संस्था मार्फत ऋण प्रवाहको लागि सहजीकरण गर्ने,

(छ) सबै कृषकहरुलाई बाली विमा गर्न प्रेरित र सहजीकरण गर्ने,

(ज) उपजको उत्पादन अनुमान गर्ने एवं उपजको गुणस्तर कायम गर्न, भण्डारण गर्न सदस्यलाई सहयोग गर्ने,

(झ) उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुर्याउने,

(ञ) कार्यक्रम संचालनका लागि आवेदकहको योग्यता, प्रस्ताव छनौट तथा मुल्याङ्कनका आधारहरु तय गरी योग्य आवेदकहरुको छनौट गर्ने

(ट) संचालित क्रियाकलापहरुको आवश्यकता अनुसार अनुगमन निरीक्षण गर्ने

(ठ) प्रादेशिक प्राविधिक समिति तथा केन्द्रीय अनुगमन समितिसँग सम्पर्कमा रही आवश्यक समन्वय गर्ने।

## ७. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारी

**(१) बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**

(क) भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, जिल्लास्थित कृषि हेर्ने कार्यालय र किसान २ परियोजनासँग समन्वय गर्ने,

(ख) कार्यक्रम सञ्चालनका दौरान आइ पर्ने समस्या समाधानको लागि सहजीकरण गर्ने,

(ग) केन्द्रीय अनुगमन समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(घ) संघ र प्रादेशिक स्तरमा कार्यक्रमका लागि आवश्यक बजेट अनुमान गर्ने,



हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्ने,

(च) आवश्यकता अनुसार कार्यक्रमको अनुमगन निरीक्षण तथा पृष्टपोषण गर्ने ।

**(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा कृषि विकास निर्देशनालयको भूमिका**

(क) कृषि विकास निर्देशनालय, जिल्लास्थित कृषि हेर्ने कार्यालय र किसान २ परियोजनाको क्लष्टर कार्यालयहरूलाई कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने

(ख) कार्यक्रम कार्यान्वयनका दौरान देखिएका फिल्ड स्तरका समस्या समाधानका लागि पहल गर्ने ।

(ग) क्रियाकलाप सञ्चालनमा फिल्डमा खटिने कार्यालय र संघीय निकाय बीच समन्वयकारी भूमिका निर्वाह गर्ने।

(घ) आवश्यकता अनुसार कार्यक्रमको अनुमगन निरीक्षण तथा पृष्टपोषण गर्ने ।

**(३) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय**

(क) कार्यक्रम अन्तरगत संचालन हुन सक्ने क्रियाकलापहरु कम्पायल गरी तालुक निकायमा पेश गर्ने ।

(ख) किसान २ परियोजनाको क्लष्टर कार्यालयसँगको समन्वयमा अनुदानग्राही धान मिल सञ्चालक वा सहकारी संस्था मार्फत क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउने ।

(ग) कार्यक्रम सञ्चालनको लागि निर्दिष्ट गरिएका स्थानीय तहमा सञ्चालन हुने यस्तै प्रकृतिका अन्य कार्यक्रमसँग दोहोरोपना आउन नदिने तर मेशिनरी औजार, सिंचाइ सुविधा, प्रशोधन, बजार पूर्वाधार जस्ता सुविधाको उपयोगमा एक अर्काको परिपुरक हुने गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाउने।

(घ) किसान २ परियोजनाको क्लष्टर कार्यालयसँग समन्वय गरी सञ्चालित क्रियाकलापको नियमित अनुगमन गर्ने र आवश्यक प्राविधिक सेवाटेवा उपलब्ध गराउने ।

(ङ) सञ्चालित कार्यक्रमको अध्ययन गरी यसको प्रभावकारिताको विषयमा माथिल्ला निकायमा जानकारी गराउने।

(च) फिल्डमा किसान २ परियोजनामार्फत सञ्चालन हुने क्रियाकलापलाई आवश्यक सहयोग उपलब्ध गराउने।

(छ) निर्धारित ढाँचामा नियमित प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाउने ।

**(४) किसान २ परियोजना**

(क) संघीय र प्रदेश सरकारका निकायहरूसँग समन्वय गरी कार्यक्रम संचालन, अनुगमन भ्रमण, पृष्ठपोषण, प्रतिवेदन तयारी, र समिक्षाको गर्ने।

(ख) क्रियाकलाप सञ्चालनमा खटिने प्राविधिकहरूको क्षमता विकास, पृष्ठपोषण र प्रतिवेदन तयारी गर्ने ।

(ग) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय (कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र), स्थानीय तह र फिल्डमा रहेका अन्य सम्बन्धित सरकारी कार्यालयसँग समन्वय गर्ने र संयुक्त अनुगमन भ्रमणको व्यवस्थापन गर्ने ।



डा. हरि बहादुर के.सी.
सह-सचिव

## ८. कार्यक्रम अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र समिक्षा

(१) **विवरण प्रकाशन गर्नुपर्ने:** अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित अध्यावधिक गरी सूचना पाटी एवं वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(२) **प्रगति प्रतिवेदन पठाउनु पर्ने:** प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय तथा किसान २ क्लष्टर कार्यालयले मासिक/चौमासिक तथा बार्षिक प्रगति विवरण भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मार्फत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रमा पठाउनु पर्नेछ।

(३) **अनुगमन र मूल्याङ्कन:**

(क) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन संघीय तथा प्रादेशिक तहका सम्वन्धित निकायहरु एवं किसान २ परियोजनाबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ ।

(ख) अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ। अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(ग) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(घ) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

९. कार्यक्रम सम्वद्ध अनुसूची/फाराम/मूल्याङ्कनका मापदण्ड

अनुसूची-१: कार्यक्रम संचालन हुने स्थानीय तहको विवरण

| क स | प्रदेश विवरण | जिल्ला | स्थानीय तह संङ्ख्या | स्थानीय तह |
|---|---|---|---|---|
| १ | प्रदेश ५ | कपिलवस्तु | ४ | बाणगङ्गा नगरपालिका, कपिलवस्तु नगरपालिका, शुद्धोदन गाउँपालिका तथा मायादेवी गाउँपालिका |
| | | दाङ्ग | ४ | राप्ती गाउँपालिका, लमही नगरपालिका, गढवा गाउँपालिका तथा राजपुर नगरपालिका |
| | | बाँके | २ | बैजनाथ गाउँपालिका तथा राप्तीसोनारी गाउँपालिका |
| | | बर्दिया | ३ | गुलरिया नगरपालिका, मधुवन नगरपालिका तथा बडैयाताल गाउँपालिका |
| २ | सुदुरपश्चिम प्रदेश | कैलाली | ४ | जोशीपुर गाउँपालिका, घोडाघोडी नगरपालिका, टिकापुर नगरपालिका तथा भजनी नगरपालिका |
| | | कञ्चनपुर | ३ | कृष्णपुर नगरपालिका, बेलौरी नगरपालिका तथा भीमदत्त नगरपालिका |

अनुसूची २:कष्टम हायरिङ्ग सेन्टरमा उपलब्ध गराइने कृषि यन्त्रहरुको विवरण

| क स | कृषि यन्त्रहरु | कैफियत |
|---|---|---|
| १ | ट्र्याक्टर | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार |
| २ | ल्याण्ड लेभलर | |
| ३ | धान रोप्ने मेशिन | |
| ४ | झार गोड्ने मेशिन | |
| ५ | सिड ड्रिल | |
| ६ | स्क्रिन हाउस | |



...बहादुर के.सी.
...सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

| क स | कृषि यन्त्रहरु | कैफियत |
|---|---|---|
| ७ | पडलर | |
| ८ | ड्रम सिडर | |
| ९ | नर्सरी ट्रे | |
| १० | पावर विडर | |
| ११ | नर्सरी सिड मेशिन | |
| १२ | ट्रयाक्टरमा जडित पावर स्प्रेयर | |
| १३ | ह्याप्पी सिडर | |
| १४ | Attachments सहितका पावर टिलर | |
| १५ | माग र आवश्यकताका आधारमा अन्य कृषि यन्त्रहरु | |

2066/03/02

डा. हरि बहादुर के.सी.
सह-सचिव